(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था)

# श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
# Shree Investment and Finance Co. ltd.

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

पत्र संख्या:- २०७९/८०-४४३ मिति: २०७९/०८/०८

श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा
काठमाडौं

**विषय:- विशेष साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द (Book Closure) हुने सम्बन्धमा ।**

महोदय,
उपर्युक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७९ मंसिर ७ गते बुधवार बसेको सञ्चालक समितिको बैठक नं. ३२२ ले यहि मिति २०७९ मंसिर २३ गते (तदनुसार ९ डिसेम्वर, २०२२ ई.सं) शुक्रवारका दिन विशेष साधारण सभा बोलाइएको व्यहोरा जानकारी गराँउदै सोही प्रयोजनकालागी मिति २०७९ मंसिर १५ गते विहीवार १ दिन शेयरधनी दर्ता किताव बन्द (Book Closure) रहने व्यहोरा समेत अनुरोध गर्दछु ।

सो सभा सम्बन्धी जानकारीको सूचना मिति २०७९ मंसिर ८ गते विहीवारको राष्ट्रिय दैनिक पत्रिका “आर्थिक अभियान” मा प्रकाशन गरिएको छ ।

**संलग्न**

१. सूचनाको प्रति १ थान

भवदिय,

..........................
(लिलामणि न्यौपाने)
कार्यकारी प्रमुख

# श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडको
# विशेष साधारणसभा सम्बन्धी सूचना

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को मिति २०७९/०८/०७ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको विशेष साधारण सभा तपशिलको मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**क. सभा बस्ने**

मिति : वि.स. २०७९/०८/२३ गते शुक्रवार (तदनुसार डिसेम्वर ९, २०२२ ई.सं.)
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, डिल्लीबजार काठमाडौं
समय : विहान १० बजे

**ख. छलफलका विषय-वस्तुहरु**

१. कम्पनीको गतिविधि बारेमा अध्यक्षज्यूको मन्तव्य
२. मिति २०७९/०३/२० देखि २०७९/०८/२३ सम्मकोलागी वर्तमान सञ्चालक समितिले गरेको कामकाज अनुमोदन गर्ने ।
३. निर्वाचन
सस्थापक शेयरधनी समुह "क" बाट सञ्चालक पद ३ र सर्व-साधारण शेयरधनी समुह "ख"बाट सञ्चालक पद ३ को निर्वाचन गर्ने । (निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले कम्पनीको सूचना पाटीमा प्रकाशित गरे बमोजिम हुनेछ । )

**ग. विविध**

**आज्ञाले**
**कम्पनी सचिव**

**विशेषा साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :**

१. विशेष साधारण-सभा प्रयोजनको लागि मिति २०७९/०८/१५ गते विहीवार एक दिन शेयर दर्ता किताव बन्द (Book Closure) गरिनेछ । उक्त दिनभन्दा पहिले कायम रहेका शेयरधनीहरुलाई मात्र विशेष साधारण-सभामा सहभागि गराइने व्यवहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराइन्छ ।
२. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले यस कम्पनीको शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ । त्यसको लागि प्रतिनिधि नियुक्ती-पत्र (प्रोक्सी फारम) भरी यस कम्पनीको रजिष्टर्ड कार्यालयमा सभा हुनुभन्दा ४८ घण्टा अगावै बुझाई सक्नु पर्नेछ । प्रतिनिधी नियुक्ती पत्रको ढाँचा कम्पनीको वेभसाइट www.shreefinance.com.np मा राखिएको छ ।
३. एक जना शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गर्न सक्ने छैन । तर एक जना भन्दा बढी प्रतिनिधि नियुक्त भएको पाइएमा सबैभन्दा पहिले दर्ता भएको प्रतिनिधि नियुक्ती पत्र (प्रोक्सी) लाई मान्यता दिइनेछ । तर शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रतिनिधि नियुक्त पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।
४. नावालक वा मानसिक सन्तुलन ठिक नभएको शेयरधनीको हकमा कम्पनीको शेयरधनी पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।
५. विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनी महानुभावहरुले आफुले प्रश्न गर्न चाहेको विषय बारे सभा हुनुभन्दा ७ दिन अगावै कम्पनीका केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनुपर्ने छ । त्यस्तो विषयमा यस कम्पनीसंग सम्बन्धित औचित्य हेरी छलफल को निम्ति समावेश गरिनेछ ।
६. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनु हुनेछ ।
७. अन्य आवस्यक जानकारीकोलागि कार्यालय समय भित्र यस कम्पनीको केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.**
**डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।**
**फोनः** ४४२२०३८, ४४२६१४६, ४४१५३४४, **फ्याक्सः** ९७७-१-४४२१७७९, E-mail: info@shreefinance.com.np